# अर्जुनधारा नगरपालिका
## नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ३०/०७९/०८०　　　　　　　　　　मितिः२०८०/०३/२९

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

**<u>बैठक संख्या ३०/०७९/०८० अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०३/२९</u>**

मिति २०८० साल आषाढ २९ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

**१. <u>आन्तरिक आय संकलन ठेक्का स्वीकृति सम्बन्धमा ।</u>**

यस अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०३/०३ को निर्णय बमोजिम आन्तरिक आय संकलनका लागि शिलबन्दी बोलपत्र प्रस्ताव माग गरी मिति २०८०/०३/०५ गते प्रकाशित सूचना बमोजिम देहाय बमोजिमको आय ठेक्काका लागि बोलपत्र पेश गरेका प्रस्तावकहरु मध्ये देहायको मूल्य कबोल गर्ने प्रस्तावकको प्रस्ताव अधिक मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही देखिएको भनी मूल्याङ्कन समितिको २०८०/०३/२० र २१ गतेको बैठकबाट स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि,२०७५ को दफा ९ को उपदफा (१) बमोजिम ठेक्का प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | ठेक्का नं | ठेक्काको विवरण | प्रस्तावकको नाम | कबोल रकम (रु) भ्याट बाहेक |
|---|---|---|---|---|
| १ | ०१/ ०७९/०८० | आइतबारे पशु चौपाया विक्री कर तथा साप्ताहिक हाट बजार, भिटौरी समेत | गैंडे निर्माण सेवा, कनकाई ३ | ३८,१०,१११/- |

**२. <u>ढुङ्गा गिटी बालुवाको स्टक प्रमाणिकरण सम्बन्धमा ।</u>**

यस अर्जुनधारा नगरपालिका क्षेत्र निर्माण व्यवसायी क्रशर उद्योगी तथा व्यक्तिहरुले मौज्दात गरी राखेको नदीजन्य पदार्थ (ढुङ्गा गिटी बालुवा) को मौज्दात प्रमाणिकरण गर्नका लागि यस नगर कार्यपालिकाको निर्णय बमोजिम नगर कार्यपालिकाको कार्यालयबाट २ पटक सूचना प्रकाशन गरिएकोमा मूल्य अभिवृद्धि कर विजक मार्फत नदीजन्य पदार्थ खरिद गरी मौज्दात राखेको ढुङ्गा गिटी बालुवाको परिमाण यकिन गरी सो मात्राको मौज्दातको हकमा यस नगर कार्यपालिकाको साविक निर्णय बमोजिमको दर अनुसार शुल्क लिई मौज्दात प्रमाणिकरण गर्ने तर ठेकेदारबाट जारी भएको पटके रसिदलाई मान्यता नदिई साविक निर्णय बमोजिम नै शुल्क लिने निर्णय गरियो। मौज्दात प्रमाणिकरणका लागि शुल्क बुझाउन सम्बन्धित निर्माण व्यवसायी तथा मौज्दातधनीलाई मिति २०८० साल श्रावण २ गतेसम्मको म्याद दिने उक्त अवधिसम्म नगरपालिकाबाट मौज्दात प्रमाणिकरण नभएका सामाग्रीहरु ढुवानीका लागि निषेध र उक्त समायवधि भित्र पनि शुल्क नबुझाएमा नगरपालिकाबाट सामाग्री जफत गर्ने र मौज्दात प्रमाणिकरण भएका सामाग्रीहरु ढुवानी खुला गर्ने निर्णय गरियो ।